१

२६५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४२९/२०७१/०७२

चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १७ बस्ने अनिता घिमिरे ......................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं ............१ विपक्षी
सूचना अधिकारी, त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं ............१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

चितवन जिल्ला, भरतपुर नगरपालिका वडा न. १७ बस्ने अनिता घिमिरेले त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।१९ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

-बी.ए.तृतीय वर्ष २०७० को नियमित परीक्षा सिम्बोल नम्बर २४०००९८ को परीक्षाको जनसर्म्पक तथा विज्ञापन कोड नम्बर ३१४ विषय (JMC : 314 Public Rel & Adv & Media Issues) को उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार ४ गते रोज ६ शुभम् ।